# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

नेपालको पुँजीबजारको वर्तमान अवस्थालाई नेपाल राष्ट्र बैंकका तर्फबाट सम्बोधन गर्न सक्ने विषयमा ध्यानाकर्षण गराउने उद्देश्यले नेपाल इन्भेष्टर्स फोरम, नेपाल धितोपत्र लगानीकर्ता संघ र जनरल इन्भेष्टर्स एसोसिएसनको संयुक्त प्रतिनिधि मण्डलले गभर्नर डा. युवराज खतिवडासँग आज भेट गऱ्यो ।



भेटमा प्रस्तुत गरिएको ज्ञापन पत्रमा नेपालको वर्तमान पुँजी बजारको उत्थानका लागि संस्थागत लगानीकर्ताको महत्वपूर्ण भूमिका रहने हुँदा यसका लागि बैंकका तर्फबाट सकारात्मक नीतिगत व्यवस्था गर्न, सम्पत्ति व्यवस्थापन कम्पनी स्थापनाका लागि प्राथमिकता दिन, बैंक तथा वित्तीय संस्थामा ब्याज तथा भुक्तानी समयमा सहुलियतको व्यवस्था गर्न, शेयर धितो राखी लिइएको कर्जा शेयरमा नै लगानी गर्नुपर्ने व्यवस्था गर्न, सरकारका तर्फबाट Market Rescue Fund स्थापना गरी पुँजीबजारमा लगानीको वातावरण तयार गर्न, सेयर मूल्य अङ्कित मूल्यभन्दा तल गएमा कम्पनी आफैँले आफ्नो सेयर लगानीको हिसाबले किन्न पाउने प्रावधान लगायतका नीतिगत व्यवस्था गरिदिन उल्लेख गरिएको छ ।

सो अवसरमा गभर्नर डा. खतिवडाले नेपाल राष्ट्र बैंकले पुँजीबजारको विकासका लागि तरलताको पर्याप्तता, अनुकूल मर्जिन लेन्डिङ लगायतका व्यवस्था मार्फत् सहयोग गर्न सक्ने धारणा राख्दै बैंक तथा वित्तीय संस्थामा Provisioning मार्फत् Assets Quality सुधार कार्य गरी सहयोग गर्न पछि नपर्ने धारणा राख्नु भयो । उहाँले नेपाल राष्ट्र बैंक यस कार्यमा सहयोग गर्न सकारात्मक रहेको र अन्य निकायसँग सहकार्य गर्नु पर्ने विषयमा समेत समन्वय गरी अहिलेको पुँजी बजारको उत्थानमा लागि पर्ने आश्वासन दिनुभएको थियो ।

२०६८ चैत १५ गते बुधबार

गभर्नरको कार्यालय